# योग सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५

कार्यपालिकाबाट पारित मितिः २०७५/०९/०५ प्रमाणिकरण मितिः२०७५/०९/०६

**प्रस्तावनाः**

नगरवासीहरुलाई योग, ध्यान, आयुर्वेद तथा प्राकृतिक चिकित्साको माध्यमवाट आधारभूत स्वास्थ्य र सचेतना सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको प्रमुख जिम्मेवारी रहेको व्यहोरालाई मध्येनजर गरी योग शिक्षालाई व्यवस्थित तथा नियमित रुपमा सञ्चालन गर्ने गराउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा सिद्धिचरण नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५ को दफा ४० बमोजिम सिद्धिचरण नगर कार्यपालिको मिति २०७५।९।५ को बैठकबाट यो "योग सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५" स्वीकृत स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद् १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम सिद्धिचरण नगरपालिका ओखलढुङ्गाको "योग सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५"रहेको छ ।

(ख) यो निर्देशिका नगर कार्यपालिका बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले सिद्धिचरण नगरपालिकाको "स्वास्थ्य तथा सरसफाई ऐन, २०७५" लाई सम्झनु पर्छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य र आर्युर्वेद सम्वन्धी संघीय संसदले बनाएको ऐनलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले सिद्धिचरण नगर कार्यपालिका ओखलढुङ्गालाई सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "उप प्रमुख" भन्नाले सिद्धिचरण नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(च)" प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ

(छ) "सरकारी वा सामुदायिक स्वास्थ्य संस्था" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य वा आयुर्वेद स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(ज) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य तथा आर्युर्वेद स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(झ) "ट्रष्ट वा लोककल्याणकारी स्वास्थ्य संस्था" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य तथा आर्युर्वेद स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(ञ) "कोष" भन्नाले दफा ६ अन्तर्गत बनेको योग संचालन तथा व्यवस्थापन कोषलाई सम्झनु पर्छ ।

(ट) "योग सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले दफा ३ अनुसार गठन हुने योग सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ठ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित अस्पताल, प्राथामिक स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, आयुर्वेद स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्छ ।

## परिच्छेद्-२

## योग सञ्चालन, अनुगमन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार

**३. योग सञ्चालन तथा व्यवस्थापन समिति :**

(१) योग, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको माध्यमबाट नगरवासीहरुमाफ स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्न गराउन र योग अभ्यासलाई नियमित तथा व्यवस्थित गर्ने कार्यलाई मार्गदर्शन एवम् समन्वय गर्नको लागि नगरपालिकाले योग संरक्षण समिति र योग सञ्चालन तथा व्यवस्थापन समितिको गठन गर्नेछ ।

**(२) योग संरक्षण समितिको गठन देहाय अनुसार हुनेछ :**

(क) नगरपालिकाको प्रमुख -प्रमुख संरक्षक

(ख) नगरपालिकाको उप-प्रमुख -संरक्षक

(ग) प्रमुख प्रशासकीय अधिकृत -सल्लाहाकार

**(३) योग सञ्चालन तथा व्यवस्थापन समितिको गठन देहाय अनुसार हुनेछ :**

(क) योग सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा कृयाशिल रहेका योग प्रशिक्षक, साधक वा साधिकाहरुमध्ये आफुहरुबाट छानिएको १ जना -अध्यक्ष

(ख) योग सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा कृयाशिल रहेका योग प्रशिक्षक, साधक वा साधिकाहरु मध्ये आफुहरुवाट छानिएको १ जना -उपाध्यक्ष

(च) योग सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा कृयाशिल रहेका योग प्रशिक्षक, साधक वा साधिकाहरु मध्ये आफुहरुवाट छानिएको १ जना -कोषाध्यक्ष

(छ) नगर कार्यपालिकाका सदस्यहरु मध्ये नगर प्रमुखले मनोनित गरेको १ जना -सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको १ जना कर्मचारी -सदस्य

(झ) योग सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा कृयाशिल रहेका योग प्रशिक्षक, साधक वा साधिकाहरुमध्ये आफुहरुवाट छानिएको कम्तीमा ३ जना महिला सहित ६ जना -सदस्य

(ञ) नगरपालिका कार्यालयको स्वास्थ्य हेर्ने शाखा/उपशाखा प्रमुख -सदस्य

(ट) नगरपालिका कार्यालयको आयुर्वेद स्वास्थ्य हेर्ने शाखा/उपशाखा प्रमुख -सदस्य सचिव

माथि जुनसुकै कुरा लेखिएतापनि योग सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष र उपाध्यक्ष पदको चयन गर्दा अनिवार्य रुपमा एकजना महिला हुनु पर्नेछ । समितिलाई आर्थिक, नैतिक र भौतिक रुपमा सहयोग पुऱ्याउने व्यक्ति, नगरस्थित संघसंस्था वा दातृ निकायका प्रमुखलाई समितिको वैठकमा आमन्त्रण गर्न सकिनेछ ।

**४. योग सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार :**

(क) समितिले नियमित योग अभ्यासका लागि योगहलको व्यवस्था गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्रको योग सञ्चालन तथा व्यवस्थापनका लागि योजना तथा कार्यक्रम तयार गरी नगरसभावाट पारित गर्नका लागि कार्यपालिकाको वैठकमा पेश गर्ने,

(ग) नगरपालिका क्षेत्र भित्र नियमितरुपमा योग सञ्चालन तथा विस्तारका लागि अनुमति, स्वीकृति सम्वन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(घ) योग शिक्षा सम्वन्धी नगर क्षेत्रका विभिन्न समुदाय तथा शिक्षालयहरुमा शिविर सञ्चालन गर्ने र नगरका मूख्य मूख्य स्थानहरुमा योग केन्द्रहरु खोली नियमित योग अभ्यास गर्ने गराउने व्यवस्था गर्ने,

(ङ) नियमित रुपमा योग सञ्चालनका लागि आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने गराउने,

(च) नगरपालिकास्थित योगकेन्द्रहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(छ) समय समयमा स्वास्थ्य विशेषज्ञ र स्वास्थ्य सेवा प्रदायक संस्थाहरु मार्फत नगरवासीहरुका लागि निशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने,

(झ) योग, ध्यान, प्राकृतिक चिकित्सा, सकारात्मक सोंचका विशेषज्ञहरुद्धारा प्रवचन तथा प्रशिक्षणको व्यवस्था मिलाउने,

(ञ) नगरकार्यपालिकावाट तोकिएका योग सञ्चालन तथा व्यवस्थापन सम्वन्धी अन्य कार्यहरु गर्ने ।

**५. योगकेन्द्र व्यवस्थापन समिति गठन, काम कर्तव्य र अधिकार :**

**(१) नगरपालिकाको वडा स्तरमा योग केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको वडा स्तरीय योग संरक्षण तथा व्यवस्थापन समिति गठन गरिनेछ ।**

**(२) वडा स्तरीय योग संरक्षण समितिको गठन :**

(क) सम्वन्धित वडाको वडा अध्यक्ष -प्रमुख संरक्षक

(ख) सम्वन्धित वडाको वडा सचिव -संरक्षक

**(३) वडा स्तरीय योग सञ्चालन तथा व्यवस्थापन समितिको गठन :**

(ग) योग सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा कृयाशिल रहेका योग प्रशिक्षक, साधक वा साधिकाहरु मध्ये आफुहरुवाट छानिएको १ जना -अध्यक्ष

(घ) योग सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा कृयाशिल रहेका योग प्रशिक्षक, साधक वा साधिकाहरु मध्ये आफुहरुवाट छानिएको १ जना -उपाध्यक्ष

(ङ) योग सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा कृयाशिल रहेका योग प्रशिक्षक, साधक वा साधिकाहरु मध्ये आफुहरुवाट छानिएको १ जना -कोषाध्यक्ष

(च) स्वास्थ्य क्षेत्रमा क्रियाशील स्वंयम सेवीकाहरुमध्ये वडा समितिबाट मनोनित १ जना -सदस्य

(छ) योग सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा क्रियाशील रहेका योग प्रशिक्षक, साधक वा साधिकाहरु मध्ये समितिले मनोनयन गरेको १ जना महिला सहित २ जना -सदस्य

(ज) योग सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा क्रियाशील रहेका योग प्रशिक्षक, साधक वा साधिकाहरु मध्ये वडा अध्यक्षले मनोनयन गरेको १ जन -सदस्य

(झ) समाजमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति, चन्दादाता वा समाजसेवीहरु मध्येवाट समितिले मनोनित गरेको १ जना -सदस्य

(ञ) वडास्थित आयुर्वेद वा स्वास्थ्य संस्थाको प्रमुख -सदस्य सचिव

**(२) वडा स्तरीय योग सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) नियमित योग सञ्चालनका लागि वार्षिक कार्यक्रम तथा कार्य योजना बनाई सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने,

(ख) व्यवस्थापन समितिको नियमित वैठक गर्ने, योग सञ्चालनमा परेको समस्याहरुको समाधानका लागि आवश्यक कार्य गर्ने,

(ग) स्वास्थ्य, आयुर्वेद, प्राकृतिक चिकित्सा पद्धति र सकारात्मक सोंच जस्ता प्रवचन तथा प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने,

(घ) सम्वन्धित स्वास्थ्य संस्थाका कर्मचारीहरुको प्रभावकारी परिचालनको लागि सहजीकरण गर्ने,

(ङ) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्वन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने,

(३) नगर र वडा स्तरीय योग सञ्चालन तथा व्यवस्थापन समितिको बैठक कम्तिमा ३ (तिन) महिनामा एक पटक अनिवार्य रुपमा बस्नु पर्नेछ। यसरी बैठक बस्दा कम्तीमा दुई दिन अगाडी बैठकको बिषय सहितको सूचना सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ। तर आकस्मिक कार्यको लागि तत्काल सूचना दिई बैठक वस्न सक्नेछ। समितिका पदाधिकारीहरुमध्ये नगर स्तरीय समितिका पदाधिकारीहरुलाई नगर कार्यपालिकाका सदस्य सरह र वडा स्तरीय समितिका पदाधिकारीहरुलाई वडा समितिका पदाधिकारी सरहको बैठक भत्ता दिन सकिनेछ।

## परिच्छेद्-३
## योग सञ्चालन कोष तथा व्यवस्थापन

**६. योग सञ्चालन तथा व्यवस्थापन कोष : (१) नगरपालिकामा नियमितरुपमा योग सञ्चालन तथा व्यवस्थापनका लागि योग सञ्चालन तथा व्यवस्थापन कोषको स्थापना गरिनेछ।**

**(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन :**

(क) नगरपालिकाको वार्षिक बजेटबाट योग सञ्चालन तथा व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट योग सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) संघीय सरकारबाट योग सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी वा विदेशी कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग, दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) योग संचालन तथा व्यवस्थापनका लागि योग साधक साधिका तथा साधारण सदस्यहरुवाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

**७. कोषको बैंक खाता सञ्चालन र व्यवस्थापन :** (१) योग सञ्चालन तथा व्यवस्थापन कोषमा प्राप्त रकम समितिले तोकेको बैंकमा समितिको नाममा बचत खाता खोली जम्मा गरिनेछ।

(२) समितिको बैंक खाता अध्यक्ष, कोषाध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषको रकम योग, ध्यान, स्वास्थ्य शिविर, प्राकृतिक चिकित्सा, सकारात्मक सोच जस्ता कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी कामका लागि मात्र खर्च गरिनेछ।

(४) कोषको रकम कुनै व्यक्तिलाई ऋण स्वरुप उपलव्ध गराइने छैन।

(५) समितिको लेखा परीक्षण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(६) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन, नीति तथा कार्यक्रम तयार गरी नगर कार्यपालिका मार्फत नगर सभा समक्ष पेश गर्नेछ।

## परिच्छेद् ४
## आचार संहिता

**८. आचार संहिता :** योग सञ्चालक समितिका पदाधिकारी, प्रशिक्षक तथा साधक साधिकाहरुले योग अभ्यासको क्रममा निम्न बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ।

**(१) योग प्रशिक्षकको आचरण :**

(क) योग अभ्यास गर्न तोकिएको समय भन्दा ५ मिनेट अगावै योग सञ्चालन स्थलमा उपस्थित हुनुपर्ने,

(ख) योग अभ्यास स्थलमा धुम्रपान, मद्यपान तथा कुनै पनि किसिमको लागु पदार्थ सेवन नगर्ने,

(ग) योग अभ्यासको लागि नियमित कार्यतालिका अनुसार गराइने अभ्यासहरु तोकिएको समयावधिभित्र सम्पन्न गराउनु पर्ने,

(घ) तोकिएको योग पोशाक लाउनु पर्ने,

(ङ) कुनै धर्म, सम्प्रदाय, जाति, समुदाय वा व्यक्तिलाई आघात पुग्ने गरी कुनै प्रवचन दिन पाइने छैन,

(च) कुनै व्यक्तिगत रिसिईवीले वा कसैलाई मर्का पर्ने गरी कुनै कुरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त गर्न पाइने छैन,

(छ) योग अभ्यासको क्रममा प्राकृतिक चिकित्सा, सकारात्मक सोंच, आयुर्वेद, पोषण (आहार विहार) जस्ता विषय वाहेक अन्य विषयमा प्रवचन दिन पाइने छैन ।

**(२) योग साधक साधिकाको आचरण :**

(क) योग अभ्यास गर्न आउने साधक साधिकाहरु निर्धारित समयमा उपस्थित भई निर्धारित समय सम्म अभ्यास गर्नु पर्नेछ ।

(ख) योग अभ्यास स्थलमा धुम्रपान, मद्यपान तथा कुनै पनि किसिमको लागु पदार्थ सेवन गर्न पाईने छैन ।

(ग) योग अभ्यासको क्रममा कसैलाई वाधा पर्ने गरी बोल्न, अभ्यास गर्न र पटक पटक बाहिर भित्र गर्न पाईने छैन ।

(घ) योग अभ्यासको क्रममा रेडियो बजाउन, मोवाइलको प्रयोग गर्न वा अरुलाई वाधा पर्ने गरी कुनै पनि उपकरणहरुको प्रयोग गर्न पाईने छैन ।

(ङ) कुनै कारणवश योग अभ्यासको क्रममा बाहिर जानुपर्ने भएमा योग अभ्यासमा रहेका साधक साधिकाहरुलाई कुनै असर नपर्ने गरी बाहिर जानु पर्नेछ ।

## परिच्छेद् ५

## विविध

**९. निर्देशिका बमोजिम हुने :** यो निर्देशिका लागु हुनुअघि नगरपालिकाबाट सञ्चालन गरिएको योग अभ्यास र शिविर सम्वन्धी कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१०. वाधा अडकाउ फुकुवा गर्ने :** यो निर्देशिका कार्यान्वयनको क्रममा कुनै वाधा अडकाउ उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णयबाट वाधा अडकाउ फुकुवा गर्न सकिनेछ ।

**११. संशोधन :** यस निर्देशिकामा व्यवस्थित कुनै व्यहोरा थपघट गरी संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ ।

आज्ञाले

भोजराज खतिवडा

प्रमुख प्रशासकीय अधिकृत